**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 338–350**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75414**

# लछुमनपुरका दुई नारी कथामा सङ्कथनसन्दर्भ

# Dialogue Context in the Story of Two Women from Lachumanpur

*[1]डा. विष्णु न्यौपाने*
***Bishnu Neupane, Ph. D.***

**[1]Assistant Professor of Nepali, Saraswoti Multiple Campus, Lekhnath Marg, Kathmandu, Nepal**
*[Email: neupanesmc@gmail.com, ORCID: https://orcid.org/0009-0003-4468-4248]*

**Article History:** Received 25 Oct. 2024; Reviewed 29 Nov. 2024; Revised 25 Dec. 2024; Accepted 14 Jan. 2025

**Copyright:** This work is licensed under a Creative Commons Attribution-Non Commercial 4.0 International License.

## Abstract

*The present study is related to discourse context analysis. The objective of this study is to analyze the physical and cognitive discourse contexts in the story 'Lachmunpurka Dui Nari' collected in Madanmani Dixit's Shwetakali story collection. Discourse context analysis can be performed for any text. The presented story is also a text. This story presents physical contexts such as place, time, place, participant and social, economic, religious-cultural and ideological cognitive contexts. Therefore, this story is a suitable work to analyze on the basis of discourse context. Therefore, this article analyzes the discourse contexts presented in the story 'Lachmunpurka Dui Nari'. For the analysis of the presented story, the basic principles of discourse analysis have been adapted and textual analysis has been carried out. Primary and secondary sources have been studied, analyzed and interpreted using the inductive method. Both physical and cognitive contexts are presented in the story. The Lachumanpur village located in the Bara district of the Terai, the well there, Raghubir's hut, the khatiya in the Osara, the cold hut, the school, the family home and the husband's home are the spatial contexts. The morning, afternoon, evening, the time of lighting the lamp, the night, etc. of the month of Chaitra indicate the temporal context in the story. The story presented is an incident that occurred during two hours of the evening. Musaharani, Kurmini, Raghubir and Dhanraj indicate the participatory context. The spatial, temporal, temporal and participatory contexts presented also indicate the cognitive context. Under this, they indicate the social, economic, religious-cultural and ideological contexts. It is concluded in this article that the story has become more powerful due to these physical and cognitive contextual contexts presented in the story.*

***Key Words:*** *abstract, tangible, symbol, context, time indicator.*

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 338–350**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75414**

## लेखसार

*प्रस्तुत अध्ययन सङ्कथनसन्दर्भ विश्लेषणसँग सम्बन्धित छ । मदनमणि दीक्षितको श्वेतकाली कथासङ्ग्रहमा सङ्गृहीत 'लछुमनपुरका दुई नारी' कथामा रहेका भौतिक र संज्ञानात्मक सङ्कथनसन्दर्भको विश्लेषण गर्नु यस अध्ययनको उद्देश्य हो । कुनै पनि पाठको सङ्कथनसन्दर्भ विश्लेषण गर्न सकिन्छ । प्रस्तुत कथा पनि एक पाठ हो । यस कथामा स्थान, काल, समय, सहभागी जस्ता भौतिकसन्दर्भ तथा सामाजिक, आर्थिक, धार्मिक-सांस्कृति तथा वैचारिक संज्ञानात्मकसन्दर्भहरू प्रस्तुत छन् । त्यसैले यो कथा सङ्कथनसन्दर्भका आधारमा विश्लेषण गर्ने उपयुक्त कृति हो । यसर्थ यस आलेखमा 'लछुमनपुरका दुई नारी' कथामा प्रस्तुत सङ्कथनसन्दर्भहरूको विश्लेषण गरिएको छ । प्रस्तुत कथाको विश्लेषणका निम्ति सङ्कथन विश्लेषणको आधारभूत मान्यतालाई अनुकूलित समायोजन गरी पाठगत विश्लेषण गरिएको छ । प्राथमिक र द्वितीयक स्रोतसामग्रीहरूको निगमन विधिबाट अध्ययन, विश्लेषण गरी अर्थापन गरिएको छ । कथामा भौतिक र संज्ञानात्मक दुवै खालका सन्दर्भहरू प्रस्तुत छन् । तराईको बारा जिल्लामा अवस्थित लछुमनपुर गाउँ, त्यहाँ रहेको इनार, रघुवीरको छाप्रो, ओसरामा रहेको खटिया, चिसो छाप्रो, पाठशाला, माइतघर र लोग्नेघर स्थानगतसन्दर्भ हुन् । चैत महिनाको बिहान, दिउँसो, साँझ, दियो बाल्ने बेला, रात आदिले कथामा समयगतसन्दर्भको सङ्केत गरेका छन् । प्रस्तुत कथा साँझको समयको दुई घण्टाको समयमा घटेको घटना हो । मुसहरनीं, कुर्मीनी, रघुवीर र धनराजले सहभागीगतसन्दर्भको सङ्केत गरेका छन् । प्रस्तुत स्थानगत, कालगत, समयगत र सहभागीगतसन्दर्भले सङ्ज्ञानात्मकसन्दर्भको पनि सङ्केत गरेका छन् । यसअन्तर्गत सामाजिक, आर्थिक, धार्मिक-सांस्कृतिक र वैचारिकसन्दर्भको सङ्केत गरेका छन् । कथामा प्रस्तुत यिनै भौतिक र सङ्ज्ञानात्मक सङ्कथनसन्दर्भले कथा थप सशक्त बनेको छ भन्ने निष्कर्ष यस आलेखमा निकालिएको छ ।*

***शब्दकुञ्जी:*** *अमूर्त, मूर्त, सङ्केत, सन्दर्भ, समयसूचक ।*

## विषयपरिचय

मदनमणि दीक्षित (वि.सं. १९७९-२०७६) बहुमुखी साहित्य स्रष्टा हुन् । यिनले नेपाली साहित्यका कथा, उपन्यास, नाटक, निबन्ध, संस्मरण, समालोचना आदि क्षेत्रमा कमल चलाएका छन् । यिनी पौरस्त्य वाङ्मयका पुराण, इतिहास तथा दर्शनका अध्येता, चिन्तक, ज्ञाता, आधिकारिक व्याख्याता; विशिष्ट साहित्यकार; वरिष्ठ लेखक; पत्रकार र उत्तम चित्रकार हुन् । वि.सं. २०१९ सालको रूपरेखा पत्रिकामा प्रकाशित *कसले जित्यो कसले हार्‍यो* शीर्षकको कथा प्रकाशित गरी यिनी नेपाली साहित्यमा प्रवेश गरेका हुन् । यिनका *कसले जित्यो कसले हार्‍यो* ? (२०२१), *ग्याँस च्याम्बरको मृत्यु* (२०४२), *जेण्डा* (२०५१), *श्वेतकाली* (२०६०) गरी चार कथासङ्ग्रह प्रकाशित छन् । वेद, पुराण र इतिहासका सन्दर्भलाई भिथकका रूपमा प्रयोग गरेर मानवजीवनको दार्शनिक धरातल तथा अस्तित्वको खोजी गर्ने कथाकार हुन् मदनमणि दीक्षित (श्रेष्ठ, २०७०, पृ. १६१) । यिनी सामाजिक यथार्थवादी कथाकार हुन् । यिनका कथामा समाजको यथार्थचित्र उतारिएको हुन्छ । *लछुमनपुरका दुई नारी* कथामा तराईको कुनै ग्रामीण जीवनको यथार्थ चित्रण गरिएको छ । स्थानीयताको रङमा पनि यिनको अभिरुचि रहेको देखिन्छ । यो कथा यही सन्दर्भको आञ्चलिक कथा हो । यस कथामा प्रस्तुत स्थान, काल, समय, सहभागी र अन्यसन्दर्भ प्रस्तुत भएकाले सङ्कथनसन्दर्भ अध्ययनका लागि कथा उपयोगी हुने देखिएकाले यसको छनोट गरिएको हो ।

कुनै सन्दर्भ समावेश भएका वाङ्मयका सबै विधालाई सङ्कथन भनिन्छ । जुनसुकै भाषिक अभिव्यक्तिमा पनि कुनै न कुनै सन्दर्भ हुन्छ । सन्दर्भबिनाको भाषिक अभिव्यक्ति हुनै सक्दैन । यसमा सन्दर्भ समावेश भएका संवाद, व्याख्यान वा प्रवचन, घोषणा, विमर्श, परामर्श, चिठीपत्र, समाचारपत्रका लेख, विज्ञापन, प्रतिवेदन, गीत, कथा,

निबन्ध आदिका साथै नाटक उपन्यास एवम् महाकाव्यलगायत जुनसुकै पाठहरू पनि पर्दछन् । कुनै पनि पाठमा प्रयुक्त भाषा र त्यसको सन्दर्भका बिचको सम्बन्धको अध्ययनसँग सङ्कथन विश्लेषण जोडिएको हुन्छ (माक्कार्थी, सन् २०१०, पृ. ५) । सङ्कथन त्यस्तो भाषिक अभिव्यक्ति हो जुन एकसार वाक्यका रूपमा वा त्यसभन्दा माथिको जुनसुकै तहको संरचनाका रूपमा रहेको हुन्छ (गौतम, २०६८, पृ. ५७१) । सिङ्गो कृति नै सङ्कथन हो भने यसको कुनै अंश वा अनुच्छेद पनि सङ्कथन हुन्छ । आख्यानहरू हाम्रा सांसारिक अनुभवहरूलाई आकार दिने लचकदार सङ्कथन हुन् (घिमिरे, २०६९, पृ. १६५) । आख्यानभित्रै कथा पनि पर्दछ । सङ्कथनमा वक्ता, श्रोता र विषय अपेक्षित हुन्छन् (गौतम, २०६८, पृ. ५७१) । वक्ता भनेको कथामा प्रयुक्त सहभागी हो । श्रोता भनेको कथाको पाठक हो । विषय भनेको कथाका प्रस्तुत विषय र त्यसले समाजमा पार्न खोजेको प्रभाव वा कथासार हो । कथामा सहभागी (वक्ता र श्रोता), विषय (व्यक्ति र घटना), सन्दर्भ (स्थान, काल, समाज, परिवेश र परिस्थिति) र सूचना स्थिति (प्रयोक्ताको आशय, सन्देश, अभिप्राय, दृष्टिकोण आदि) पाइन्छ । कुनै कथाभित्र पूर्वसन्दर्भ र पश्चसन्दर्भ रहन सक्छ (गौतम, २०६८, पृ. ५७२) । कथामा कुतूहल सृजनाका लागि, कथारेखा निरन्तरताका लागि यिनीहरू महफ्वपूर्ण रहन्छन् । कथा पनि सङ्कथन भएकाले यसको विश्लेषण सङ्कथन विश्लेषणका आधारमा गर्न सकिन्छ । प्रस्तुत अध्ययनको मुख्य शोद्यसमस्या *लछुमनपुरका दुई नारी* कथामा सङ्कथनसन्दर्भ रहेको छ । साहित्य आस्वाद्य विषय मात्र नभएर प्राज्ञिक ज्ञानको विषय पनि भएकोले साहित्यिक कृतिको शोधमूलक अध्ययन गर्न सकिने सन्दर्भमा मदनमणि दीक्षितको *लछुमनपुरका दुई नारी* कथालाई सङ्कथनसन्दर्भका दृष्टिले अध्ययन गर्नुलाई नै मुख्य शोधसमस्या बनाइएको छ । सङ्कथन विश्लेषणको सिद्धान्तलाई अनुकूलित समायोजन गरी निर्धारित कथाको सङ्कथनसन्दर्भको विश्लेषण यस आलेखमा गरिएको छ । यस अध्ययनमा *लछुमनपुरका दुई नारी* कथालाई सङ्कथनसन्दर्भका आधारमा विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

सङ्कथन भाषिक उक्ति हो । यो आवश्यकताअनुसार शब्द, वाक्यांश, वाक्य र पाठसम्म फैलिएको हुन्छ । सङ्कथनलाई ह्यालिडेले कुनै विशिष्ट परिस्थितिजन्यसन्दर्भमा विशिष्ट प्रकार्य सम्पन्न गर्ने भाषिक खण्ड भनेका छन् (सन् १९७६, पृ. ७६) । भाषिक खण्ड भनेको नै पाठ हो । पाठको रूपात्मक आकृतिमा पद, पदावली, उपवाक्य, वाक्य वा यो भन्दा माथि पनि हुन सक्दछ । पाठ लिखित वा मौखिक जस्तोसुकै हुन पनि सक्छ । पाठको रूपात्मक आकृति जस्तो भए पनि त्यो एकाइ विशिष्ट सामाजिकसन्दर्भमा प्रयोग भएको एकाइ हो । पाठ वा सङ्कथन रूप मात्र नभएर आर्थी एकाइ पनि हो । पाठले अर्थलाई संहिताबद्ध गर्ने र निश्चित सामाजिक प्रकार्य पूरा गर्दछ । ह्यालिडेले पाठात्मक अर्थ भनेको पनि यही हो ।

सङ्कथन विश्लेषण भाषिक प्रयोक्ताको आशयको खोजी गर्ने भाषानिष्ठ पद्धति हो । यसमा भाषालाई आधार बनाएर भाषिक रूपले ल्याउन सक्ने अर्थको अन्वेषण गरिन्छ । सङ्कथन विश्लेषणमा आशय र अर्थको आधिकारिकता पाइन्छ । आशय भनेको पाठमा वक्ताको अभिवृत्ति र प्रयोजनका बिचको अन्तर्सम्बन्ध हो (जुज-अल्बा, सन् २००५, पृ. १६) । भाषिक अभिव्यक्तिमा प्रतिज्ञप्ति सूचक र अप्रतिज्ञप्ति सूचक शब्दहरू रहेका हुन्छन् । यी दुवै प्रकारका शब्दहरूले प्रयोक्ताको आशयमाथि नै प्रकाश पारेका हुन्छन् । भाषा र सन्दर्भ गरी सङ्कथनमा दुई पक्ष अन्तर्निहित रहेका हुन्छन् (पौडेल र पोखेल, २०७१, पृ. ४१) । भाषामा आधारित भएर त्यसभित्र अन्तर्निहित विभिन्न अर्थसन्दर्भहरूको खोजी गर्ने प्रयत्न सङ्कथन विश्लेषणमा गरिन्छ । पाठमा समावेश भएका भाषिक र भाषा समेटिएका सन्दर्भपरक सामाजिक परिघटनाहरूको विश्लेषण सङ्कथन विश्लेषणमा गरिन्छ (गौतम, २०६८, पृ. ५७३) । सङ्कथन विश्लेषणमा व्याकरणिक संसक्ति, कोशीय संसक्ति, अर्थगत संयुक्ति, भाषिक संरचना, लय संरचना, उपवाक्य एवम् वाक्य संरचना, शब्द साहचर्य, सन्दर्भजस्ता विभिन्न क्षेत्रहरूको अध्ययन गरिने भएकाले यसको क्षेत्र व्यापक एवम् विस्तृत रहेको हुन्छ ।

Vol. 6, No.1, January 2025. Page: 338–350
ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)
DOI: 10.3126/ijmss.v6i1.75414

भाषिक उपकरणलाई आधार बनाएर साहित्यको विश्लेषण गर्ने पद्धति सङ्कथन विश्लेषण हो । हरेक सङ्कथन विषय, सन्दर्भ, स्वरूप र प्रकृतिअनुसार फरक फरक हुन्छ । सबै सङ्कथनको विश्लेषण प्रक्रिया एउटै र उस्तै नहुन सक्छ । त्यसको विश्लेषणका लागि भाषिक पक्ष र सामाजिकसन्दर्भका आधारमा विश्लेषण गर्न सकिन्छ । सङ्कथन विश्लेषण केवल पाठको भाषिक विश्लेषण मात्र होइन, भाषामा आएको सामाजिक संरचना, परिवेश, प्रचलनको पनि विश्लेषण हो (गौतम, २०६८, पृ. ५७२) । आख्यानको अध्ययन गर्नु भनेको आख्यानको प्रकृति र मानवीय घटनामा तिनको मुख्य भूमिकालाई स्पष्ट पार्नु हो (घिमिरे, २०६९, पृ. १६७) । कथा एउटा पाठ हो । त्यसभित्र विभिन्न भाषिक एकाइहरू प्रयुक्त हुन्छन् । ह्यालिडेले प्रयोग गरेको पाठविश्लेषण जस्तै कथाको सन्दर्भगत विश्लेषण पनि गर्न सकिन्छ । यो व्यवस्थापरक भाषावैज्ञानिक पद्धति हो । यसमा पाठभित्रका भाषिक एकाइहरू र पक्षहरूको मात्र अध्ययन नभई पाठमा अभिव्यक्त सामाजिक पक्ष र त्यससँग सम्बन्धित अन्य विभिन्न पक्षको अध्ययन गरिन्छ । पाठविश्लेषणमा गुणात्मक विधिद्वारा पाठभित्र चुनिएका अंशको अध्ययन गरी निष्कर्ष निकालिएझैँ कथाको विश्लेषण गर्दा पनि कथामा प्रयोग गरिएका सन्दर्भको अध्ययन गरी निष्कर्ष निकालिन्छ ।

कथाविश्लेषण गर्दा त्यसमा अन्तर्निहित भएका विभिन्नसन्दर्भहरूको खोजी गर्नुपर्दछ । कथामा रहेका सामाजिक, आर्थिक, राजनैतिक, वैचारिकलगायत अन्य सम्बन्धहरूको खोजी सङ्कथनसन्दर्भ विश्लेषणमा गरिन्छ । त्यस्ता सन्दर्भहरू परिस्थितिपरक, संज्ञानपरक र पाठपरक गरी तीन प्रकारका हुन्छन् (कटिङ, सन् २००८, पृ. ५) । कृतिमा सङ्कथनको रचना भाषाका माध्यमबाट सिर्जित अभिप्राय निर्मिति, क्रियाकलाप निर्मिति, व्यक्तित्व निर्मिति, सम्बन्ध निर्मिति, शासकीय निर्मिति, संयोजन निर्मिति र सङ्केतात्मक निर्मिति गरी सात प्रकारका निर्मितिहरूबाट हुन्छ (गी, सन् २००५, पृ. १०–१३) । भौतिक र संज्ञानात्मक गरी दुई प्रकारका हुन्छन् (पौडेल र पोखेल, २०७१, पृ. ४१) । कथामा प्रयुक्त भौतिकसन्दर्भहरूले अर्थ सम्प्रेषणमा सङ्केत प्रदान गर्दछन् । यिनीहरू निश्चित आकारप्रकारका मूर्त स्वरूपका हुन्छन् । भौतिकसन्दर्भअन्तर्गत स्थानगतसन्दर्भ, काल तथा समयगतसन्दर्भ र सहभागीगतसन्दर्भ पर्दछन् ।

## अध्ययन विधि

प्रस्तुत शोधसमस्याको प्रामाणिक र प्राज्ञिक समाधानका लागि पुस्तकालयीय स्रोतअन्तर्गत रहेर प्राथमिक र द्वितीयक सामग्रीहरू सङ्कलन गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत मदनमणि दीक्षितको *श्वेतकाली* कथासङ्ग्रहमा सङ्गृहीत *मछुमनपुरका दुई नारी* कथालाई लिइएको छ । प्रस्तुत कथामा प्रयुक्त सङकथनसन्दर्भ विश्लेषणसँग सम्बन्धित भौतिक तथा संज्ञानात्मक तथ्यहरूलाई सामग्रीका रूपमा लिइएको छ । यी तथ्यको विश्लेषणका लागि सङ्कथनसन्दर्भ विश्लेषण सिद्धान्तलाई अवलम्बन गरिएको छ । त्यस्तै द्वितीयक स्रोतअन्तर्गत सङ्कथन विश्लेषणसँग सम्बन्धित भएर गरिएका पूर्वकार्यहरूलाई ग्रहण गरिएको छ । सङ्कलन गरिएका सामग्रीहरूको उचित विश्लेषण र मूल्याङ्कनका लागि व्याख्यात्मक र विश्लेषणात्मक प्रविधिको उपयोग गरिएको छ । सङ्कलित सामग्रीलाई विश्लेषण गर्ने सैद्धान्तिक आधार सङ्कथनसन्दर्भ रहेको छ । सङ्कथन विश्लेषण अन्तर्गतका विभिन्न सिद्धान्त र मान्यतामध्ये सङ्कथनसन्दर्भ अध्ययनलाई उपयोग गरिएको छ । सङकथन विश्लेषणअन्तर्गत भौतिकसन्दर्भ र संज्ञानात्मकसन्दर्भको सङ्केतका आधारमा यस कथाको विश्लेषण गरिएको छ ।

## विमर्श र परिणाम

मदनमणि दीक्षितका कथाहरू सङ्कथनसन्दर्भका दृष्टिले अध्ययन विश्लेषण गर्न सकिन्छ । यस खण्डमा दीक्षितका कथाहरूमध्ये *मछुवनपुरका दुई नारी* कथामा प्रस्तुत सङ्कथन विश्लेषणका विभिन्न आधारहरूमध्ये सङ्कथनसन्दर्भका सङ्केतगत साक्ष्यहरू र तिनको विश्लेषण गरिएको छ ।

Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)
Vol. 6, No.1, January 2025. Page: 338–350
ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)
DOI: 10.3126/ijmss.v6i1.75414

## स्थानगतसन्दर्भ

कथा कस्तो परिवेशमा संरचित छ भन्ने बुझ्नका लागि स्थानगत परिवेश महफ्वपूर्ण हुन्छ। कथामा स्थानसँगै सम्बन्धित सन्दर्भहरू आएका हुन्छन्। त्यस्ता स्थानले कथा बुझ्नका लागि मद्दत गरेका हुन्छन्। स्थानीकसन्दर्भले सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक आदि विभिन्न सङ्केतलाई बुझ्न सहयोग पुऱ्याएका हुन्छन्। कथामा स्थान जनाउन 'कहाँ'को रूपमा आएका हुन्छन्। *लछुमनपुरका दुई नारी* कथाका स्थानगतसन्दर्भ निम्न छन् :

साक्ष्य १ बारा जिल्लाको त्यो गाउँ त्यस्तै थियो, नेपालको तराई क्षेत्रका अन्य सबै गाउँजस्तै मात्र होइन, पूर्वदेखि पश्चिमसम्मका नेपालका पहाडपर्वतका धेरै गाउँहरूजस्तै (दीक्षित, २०६०, पृ. ३८)।

साक्ष्य २ ... लछुमनपुर भन्ने त्यो गाउँ ... (पृ. ३८)।

साक्ष्य ३ ऊसित नसोधीकनै दुई नारीले त्यस्तो चर्को झगडा गरेको सुनेर आफ्नो छाप्रोबाट ऊ पनि निस्केर त्यतै गयो (पृ. ३८)।

साक्ष्य ४ आठ हात परको आफ्नो ओसारामा रहेको खटियामा बसेर आफ्नो बारे विचार गर्न थाल्यो ... (पृ. ३८)।

साक्ष्य ५ उता इनारछेउ दुई नारीबिच झगडा चलिरह्यो (पृ. ३८)।

साक्ष्य ६ तिनको अन्य पढाइनिम्ति त्यस गाउँमा कुनै पाठशाला वा मास्टर थिएनन् पनि (पृ. ४०)।

साक्ष्य ७ दुवै आआफ्नै ठाउँमा थुचुक्क बसे र आआफ्ना माइती र लोग्नेघरलाई पहिले एकअर्कोप्रति सम्बोधित गरिएकै शब्दमा 'आशीर्वाद' दिन सुरु गर्दै शिरको च्यातिएको घुम्टोलाई सामुन्ने चिउँडोसम्म तानेर प्वालबाट एकअर्काप्रति मायालु दृष्टिले हेर्न थाले (पृ. ४०)।

साक्ष्य ८ चैते आगलागीबाट कसैगरी जोगिएर आफ्नो चिसो छाप्रोबाट उसको लोग्ने बाहिर निस्क्यो (पृ. ४१)।

## साक्ष्यको विश्लेषण

साक्ष्य १ मा नेपालका विभिन्न जिल्लाहरूमध्येको बारा जिल्ला, बारा जिल्लामा रहेका विभिन्न गाउँहरूमध्येको कुनै एउटा गाउँ, नेपाल भौगोलिक विभाजनअनुसारको हिमाली क्षेत्र, पहाडी क्षेत्र र तराई क्षेत्रमध्येको तराई क्षेत्र, यो क्षेत्र कुनै एक क्षेत्र मात्र नभई नेपालको पहाडपर्वतका गाउँको प्रतिनिधित्व गरेको छ भनी कथामा प्रतिनिधिमूलक नेपालको कुनै गाउँको स्थानसन्दर्भको सङ्केत गरेको छ।

साक्ष्य २ मा लछुमनपुर भन्ने गाउँमा घटना घटेको सङ्केत गरेको छ।

साक्ष्य ३ मा ऊ सर्वनाम रघुवीरलाई र दुई नारीले एउटी मुसहर र अर्की कुर्मी नारीलाई सङ्केत गरेका छन्। रघुवीरको छाप्राले स्थानगतसन्दर्भको सङ्केत गरेको छ। यसले गाउँको आर्थिक संज्ञानात्मकसन्दर्भलाई सङ्केत गरेको छ।

साक्ष्य ४ मा आठ हात परको आफ्नो ओसारामा रहेको खटियाले स्थानगतसन्दर्भका सङ्केत गरेको छ। गाउँको जेठोरैयत भएर पनि दुई नारीले आफूलाई नसोधी झगडा गरेकोमा उसले दुखेसो गरेको छ र यो स्थानमा बसी गाउँलेहरूलाई धम्क्याउँदै छ धनवीर।

साक्ष्य ५ मा इनार स्थानगतसन्दर्भका रूपमा कथामा प्रयुक्त छ। कथाका मुख्य दुई नारी सहभागी झगडा भएको स्थान नै यही इनार हो। यो महफ्वपूर्ण स्थानका रूपमा कथामा आएको छ।

साक्ष्य ६ मा पाठशालाले स्थानगतसन्दर्भको सङ्केत गरेको छ।

Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)
Vol. 6, No.1, January 2025. Page: 338–350
ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)
DOI: 10.3126/ijmss.v6i1.75414

साक्ष्य ७ मा दुवै नारीका आआफ्ना माइतघर र लोग्नेघरले स्थानगतसन्दर्भको सङ्केत गरेका छन् । यी स्थान स्मरणका क्रममा आएका हुन् ।

साक्ष्य ८ मा चिसो छाप्रोले स्थानगतसन्दर्भको सङ्केत गरेको छ ।

यसरी प्रस्तुत कथामा लछुमनपुर गाउँ, ओसारामा रहेको खटिया, पाठशाला, चिसो छाप्रो जस्ता पद तथा पदावलीको प्रयोग भई तिनले स्थानगतसन्दर्भ जनाएका छन् ।

## कालगत तथा समयगतसन्दर्भ

पाठ कुन कालगत परिवेशमा घटित भएको हो भन्ने निरूपण पनि कथाविश्लेषणमा आवश्यक हुन्छ । कथामा उल्लेखित कालगतसन्दर्भले समसामयिकता वा ऐतिहासिकतालाई सङ्केत गरेको हुन्छ । दिन, रात, उज्यालो, अँध्यारो आदि समयसूचक सङ्केतहरू हुन् । समय भनेको दिन र रातको चक्र, यसअन्तर्गत महिना र वर्ष पनि पर्छ । कथामा उल्खित समयसूचक सङ्केतहरूले कथाविश्लेषण तथा कथाको समय बुझ्न सहयोग पुऱ्याएका हुन्छन् । *लछुमनपुरका दुई नारी* कथाका कालगत र समयगतसन्दर्भ निम्न छन् :

साक्ष्य १ बिहानदेखि दिउँसोभरि चैत महिनामा अल्छी भएर लस्त परी निदाई अचम्मका सपनाहरू देखिरहेको लछुमनपुर भन्ने त्यो गाउँ आफ्नो एउटा टोलको छेउमा रहेको इनारको चारैतिरको चौतारामा एकाएक ब्यूँझियो (दीक्षित, २०६०, पृ. ३८) ।

साक्ष्य २ दुवै एकअर्कामाथि भदौरे वर्षाका असिनाजस्ता शब्दका डल्लाले हानिरहेका थिए (पृ. ३८) ।

साक्ष्य ३ ... लछुमनपुरमा त्यो साँझ दुई नारीबिच चलिरहेको वाक्युद्धपछिको लुछाचुँडी युद्धमा ... (पृ. ३९) ।

साक्ष्य ४ कालो पेटको माथिल्लो भागलाई ढाक्न पनि नसकेजस्तो पाँच वर्ष पुरानो र पाँच महिनादेखि नधोइएको चोली ... (पृ. ३९) ।

साक्ष्य ५ त्यस इनारछेउको चारैतिर वर्षौंदेखि जमेको कालो-नीलो, दुर्गन्धी हिलोमा ... (पृ. ३९) ।

साक्ष्य ६ साहित्य कति वस्तुगत, कति जीवनपरक र कति उदाङ्ग हुनुपर्छ भन्नेबारे शिक्षा लिन इनारछेउको त्यस जमातमा त्यो साँझ कुनै लेखक त्यहाँ उभिएर आफ्नो कापीमा रिपोर्ट गरिरहेको थिएन (पृ. ३९) ।

साक्ष्य ७ बिस्तारै बिस्तारै साँझ बढ्दै गयो । घर घरमा दियो बाल्ने बेला भयो (पृ. ४०) ।

साक्ष्य ८ दुई घण्टाको झगडाले गर्दा गोरूभैंसीले खानेपानी खान पाएनन् भन्ने सम्झेर इनार चारैतिरको भीड क्रमशः निखिदै जान थाल्यो (पृ. ४०) ।

साक्ष्य ९ राति पकाएर खाउँला (पृ. ४१) ।

साक्ष्य १० चैते आगलागीबाट कसै गरी जोगिएर आफ्नो चिसो छाप्रोबाट उसको लोग्ने बाहिर निस्क्यो (पृ. ४१) ।

साक्ष्य ११ उसकी पत्नीको मुख दुई दिनपछि त्यस दियोको प्रकाशमा अलि उज्यालो देखियो (पृ. ४१) ।

## साक्ष्यको विश्लेषण

साक्ष्य १ मा बिहानदेखि दिउँसोसम्मको समय उल्लेख छ । बार महिनामध्ये घटना घटेको चैत महिनामा हो ।

साक्ष्य २ भदौ महिनाले कालगतसन्दर्भको सङ्केत गरेको छ ।

Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)
Vol. 6, No.1, January 2025. Page: 338–350
ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)
DOI: 10.3126/ijmss.v6i1.75414

साक्ष्य ३ मा साँझले समयगतसन्दर्भको सङ्केत गरेको छ । इनारछेउमा दुई नारी झगडा गरेको र गाउँलेहरूले झगडाको रमिता हेरेको साँझको समयको सङ्केत गरेको छ ।

साक्ष्य ५ मा वर्षौंदेखिले कालगतसन्दर्भको सङ्केत गरेको छ । यसले विगतको समयलाई बुझाएको छ ।

साक्ष्य ६ मा साक्ष्य ३ को जस्तै साँझको समयको सङ्केत गरेको छ ।

साक्ष्य ७ मा साक्ष्य ३ र ६ कै साँझको समय सङ्केत गरेको छ । साँझको समय भन्नाले दियो बाल्ने बेलालाई सङ्केत गरेको छ ।

साक्ष्य ८ मा दुई घण्टाले समयगतसन्दर्भ सङ्केत गरेको छ । यो दुई नारी झगडा गर्दाको समय हो ।

साक्ष्य ९ मा रातिले समयगतसन्दर्भको सङ्केत गरेको छ ।

साक्ष्य १० मा चैते आगलागीबाट भनी अभाव भएको समयगतसन्दर्भको सङ्केत गरेको छ ।

साक्ष्य ११ मा दियो प्रकाशसन्दर्भ उल्लेख छ । यसले खुसीको समयको सङ्केत गरेको छ ।

यसरी प्रस्तुत कथामा कालगत तथा समयगतसन्दर्भ जनाउने बिहान, दिउँसो, साँझ, चैत महिना, भदौ महिना, दुई घण्टा, वर्षौंदेखि जस्ता पद तथा पदावलीको प्रयोग भएको पाइन्छ ।

## सहभागीगतसन्दर्भ

कथामा सहभागीसन्दर्भ जनाउन विभिन्न व्यक्तिहरूको प्रयोग गरिएको हुन्छ । ती व्यक्तिले आआफ्नो भूमिका निर्वाह गरेका हुन्छन् जुन सर्जकले सहभागीका लागि तोकिएको हुन्छ । यिनै व्यक्तिगत सहभागीका आधारमा प्रयोक्ताको आशय खोजी गर्न सकिन्छ । *लछुमनपुरका दुई नारी* कथाका सहभागीगतसन्दर्भ निम्न छन् :

साक्ष्य १ त्यहाँ एउटी मुसहर र अर्की कुर्मी नारी आकाशै फोरुलाझैं गर्दै चिच्च्याउँदै झगडा गरिरहेका थिए ( दीक्षित, २०६०, पृ. ३८) ।

साक्ष्य २ ती दुई नारीका त्यही लुछाचुँडी र गर्जनले लछुमनपुरको पूर्व कुनाको त्यस टोललाई नै झ्वास्स ब्युँझाएर बुढाबुढी, तरुणतरुणी र केटाकेटीहरू सबैलाई त्यस इनारतिर तानेर ल्याएको थियो (पृ. ३८) ।

साक्ष्य ३ गाउँको जेठरैयत रघुवीर ठुलो छटपटीमा पऱ्यो (पृ. ३८) ।

साक्ष्य ४ त्यहाँ चलिरहेको झगडाका कुराहरू सुनेर मुरमुरिँदै त्यस पच्चीस-तीस जनाको डफ्फाबाट ऊ केही पछाडि हट्यो (पृ. ३८) ।

साक्ष्य ५ मैले गएर वीरगन्जमा बडाहाकिमसाहेबमा उजुर नगरी भएन (पृ. ३८) ।

साक्ष्य ६ उसले गाउँको दुषाध चौकीदार धनराजतिर सङ्केतत गरेर आफ्नो छेउ बोलायो (पृ. ३८) ।

साक्ष्य ७ झगडालु मुसहरनीको बाखीको कालो पाठो महिनादिनको भएको रहेछ (पृ. ३८) ।

साक्ष्य ८ "अँ, गाउँकी त्यो मछुवा जगरुको फोहोर थाप्ने तेरो धोतीलाई म छुन्छु !" कुर्मिनीले दुवै काला हातका दसैओटा नङ्ग्राले मुसहरनीलाई झैं आकाशलाई कोपरी (पृ. ३९) ।

साक्ष्य ९ "थाहा छ, थाहा छ, तेरी छोरी तेरो लोग्नेको हो कि रघुवीरेको हो, जा गएर गाउँभरि सोध् कसलाई थाहा छैन !" अर्की नारी चिच्च्याई (पृ. ३९) ।

साक्ष्य १० त्यस्तो कुनै लेखक त्यहाँ उपस्थित भइदिएको भए ... (पृ. ३९-४०) ।

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 338–350**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75414**

साक्ष्य ११ तिनको अन्य पढाइनिम्ति त्यस गाउँमा कुनै पाठशाला वा मास्टर थिएनन् पनि (पृ. ४०)।

साक्ष्य १२ दुई घण्टाको झगडाले गर्दा गोरुभैंसीले खानेपानी खान पाएनन् भन्ने सम्झेर इनार चारैतिरको भीड क्रमशः निखिदै जान थाल्यो (पृ. ४०)।

## साक्ष्यको विश्लेषण

साक्ष्य १ मा दुई सहभागी रहेको सङ्केत छ । मुसहर नारी र कुर्मी नारी दुई सहभागी छन् । यी दुई सहभागीहरू झगडा गरिरहेको घटना कथामा आएको छ ।

साक्ष्य २ मा बुढाबुढी, तरुणतरुणी र केटाकेटीहरू सहभागीका रूपमा कथामा आएका छन् । यिनीहरूको सङ्ख्या कथामा उल्लेख गरिएको छैन । ती प्रत्येक बुढाबुढी, तरुणतरुणी र केटाकेटीहरू दुईभन्दा बढी रहेको स्पष्ट हुन्छ ।

साक्ष्य ३ मा रघुवीर सहभागीका रूपमा कथामा प्रस्तुत छ । उसलाई गाउँको जेठरैयत भनिएको छ ।

साक्ष्य ४ मा पच्चिस-तिस जनाको डफ्फा सहभागी छन् भनिएको छ ।

साक्ष्य ५ मा वीरगन्जका बडाहाकिमसाहेब सहभागीका रूपमा कथामा उपस्थित गराइएको छ । उनी कथामा प्रत्यक्ष उपस्थित छैनन् । रघुवीरले स्मरण गरेका नेपथ्य सहभागी हुन् उनी ।

साक्ष्य ६ मा धनराज सहभागीका रूपमा कथामा आएको छ । ऊ त्यस लछुमनपुर गाउँको दुषाध चौकिदार हो ।

साक्ष्य ७ मा बाख्रीको पाठो सहभागीका रूपमा कथामा उपस्थित छ । यो मानवेत्तर सहभागी हो । कथामा यो सहभागी प्रत्यक्ष उपस्थित नभई स्मरणका रूपमा आएको छ । दुई नारी झगडाको मुख्य विषय नै यही सहभागी हो । यस पाठोले कुर्मिनीको सुकाएको धोतीमा कुल्चिदिएकोले दुई नारीबिचको झगडाको कारण यही बनेको छ ।

साक्ष्य ८ मा मछुवा जगरु सहभागीका रूपमा कथामा प्रयुक्त छ । ऊ मुसहर नारीको लोग्ने हो । कुर्मिनीले मुसहर्नीलाई गाली गर्ने सन्दर्भमा उसको लोग्नेको नाम लिएकी हो । यो सहभागी प्रत्यक्ष कथामा उपस्थित नभई स्मरणका रूपमा आएको नेपथ्य सहभागी हो ।

साक्ष्य ९ मा छोरी र लोग्ने दुई जना सहभागीका रूपमा कथामा प्रयुक्त छन् । यी कथामा प्रत्यक्ष उपस्थित भएका सहभागी नभई स्मरणका रूपमा कथामा आएका नेपथ्य सहभागी हुन् । कुर्मी नारीले मुसहर्नी नारीलाई गाली गर्ने सन्दर्भमा यी पात्र प्रयोगमा आएका छन् ।

साक्ष्य १० मा कुनै लेखक सहभागीको परिकल्पना गरिएको छ । यी दुई नारीको झगडा र त्यस वरिपरिको रमिता कुनै साहित्यको घटना बन्न सक्ने थियो भनी लेखकको परिकल्पना गरिएको छ । यो सहभागी स्मरणमा मात्र आएको नेपथ्य सहभागी हो ।

साक्ष्य ११ मा मास्टर सहभागी उपस्थित छ । यो सहभागी पनि स्मरणको क्रममा कथामा आएको छ ।

साक्ष्य १२ मा गोरु र भैंसीले सहभागीगतसन्दर्भको सङ्केत गरेका छन् । यी मानवभन्दा बाहेकका सहभागी हुन् । यिनीहरू प्रत्यक्ष सहभागिता नभए पनि स्मरणको क्रममा आएका छन् ।

यसरी प्रस्तुत कथामा मुसहर नारी, कुर्मी नारी, बुढाबुढी, तरुणतरुणी, केटाकेटीहरू, रघुवीर, धनराज, मछुवा जगरु, कुनै लेखक, मास्टर, वीरगन्जका बडाहाकिमसाहेब, छोरी, लोग्ने, पच्चिस-तिस जनाको डफ्फा, बाख्रीको पाठो, गोरु र भैंसी जस्ता पद तथा पदावलीको प्रयोग गरी सहभागीगतसन्दर्भ जनाइएको छ ।

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 338–350**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75414**

## संज्ञानात्मकसन्दर्भ

कथाभित्र रहेका ज्ञानात्मकसन्दर्भ नै संज्ञानात्मकसन्दर्भ हो । पाठकले कथा पढिसकेपछि त्यस कथामा प्रस्तुत भएका सहभागीका विचार र धारणाबाट त्यस कथासँग सम्बन्धित अनेक सन्दर्भ पहिचान गर्दछ । लेखक वा सहभागीसँग सम्बन्धित भएर आएका अनेक परिवेशगत पृष्ठभूमिहरू संज्ञानात्मकसन्दर्भअन्तर्गत रहन्छन् (पौडेल र पोखेल, २०७१, पृ. ४४) । संज्ञानात्मकसन्दर्भअन्तर्गत सामाजिकसन्दर्भ, आर्थिकसन्दर्भ, राजनीतिकसन्दर्भ, धार्मिक-सांस्कृतिकसन्दर्भ र वैचारिकसन्दर्भ पर्दछन् । यिनीहरू निश्चित आकारप्रकारका नभई अमूर्त खालका हुन्छन् । कथामा उल्लिखित स्थान, काल, समय, सहभागी जस्ता मूर्त पक्षका माध्यमबाट कुनै विशिष्ट परिवेश वा सन्दर्भमा जुन अभिव्यञ्जना प्रस्तुत भएको हुन्छ त्यही नै संज्ञानात्मकसन्दर्भ हो । यो अभिव्यञ्जना वा ध्वनिसँग सम्बन्धित हुन्छ । निश्चित परिवेशमा निश्चित भौतिकसन्दर्भबाट के अभिप्राय अभिव्यञ्जित गरेको छ भनी खोजी गर्नु संज्ञानात्मकसन्दर्भ विश्लेषण हो ।

कथामा कुनै पनि समाजको चालचलन, जीवनपद्धति, वेशभूषा, रीतिरिवाज, संस्कार, जात, धर्म, वर्ग, लिङ्ग आउँछन् । यी नै सामाजिकसन्दर्भ हुन् । कथामा घटित घटनाको स्थान, काल र समयले सामाजिकसन्दर्भलाई सङ्केत गरेको हुन्छ । कुनै स्थान, कुनै काल र कुनै समयमा घटित घटनाले कुनै सामाजिक परिवेशगत संज्ञानलाई बुझाएको हुन्छ । यिनले कथामा अर्थको सम्प्रेषण गरी अर्थगत विशिष्टता कायम गरेका हुन्छन् ।

कथामा सामाजिक पक्षसँग जोडिएर आउने समाजका आर्थिक क्रियाकलाप पनि आएका हुन्छन् । त्यस्ता आर्थिकसन्दर्भले कथाको परिवेशगत आशय बुझ्नका लागि सहयोग पुऱ्याएका हुन्छन् ।

कथामा आाएका विभिन्न राजनीतिकसन्दर्भले वैचारिक अनुक्रम तथा कथाको मूल आशयलाई बुझ्न सहयोग पुऱ्याउँछन् (पौडेल र पोखेल, २०७१, पृ. ४७) । कथामा प्रस्तुत राजनीतिकसन्दर्भले कुन कालिकसन्दर्भमा, कुन स्थानमा, कस्तो समाजमा, कस्तो आर्थिक पक्षलाई, कस्तो विचार प्रस्तुतिका लागि अगि सारिएको छ, राजनीतिकसन्दर्भद्वारा कथाले अभिव्यक्त गर्न खोजेको कुरा के हो आदि कुरा पत्ता लगाउन सकिन्छ ।

कथामा अन्तर्निहित संज्ञानात्मक पक्षको पहिचानका लागि कथामा प्रयुक्त विभिन्न धार्मिक-सांस्कृतिकसन्दर्भहरूले सहयोग पुऱ्याउँछन् । मानिसको जीवन पद्धति, चालचलन, सोचाइ, आचरण, व्यावहार, खानपान, वेशभूषालगायत विभिन्न संस्कारहरू धार्मिक-सांस्कृतिकसन्दर्भअन्तर्गत आउँछन् । कथामा प्रयुक्त त्यस्ता धार्मिक-सांस्कृतिकसन्दर्भबाट त्यसमा अन्तर्निहित संज्ञानात्मक पक्षको उद्घाटनमा सहयोग पुग्छ । त्यस्ता धार्मिक-सांस्कृतिक सूचकहरूको पहिचान गरी कथाको सिङ्गो कथनसन्दर्भसँग त्यस्ता सूचकहरूले के सम्बन्ध राखेका छन् भनी खोजी गर्न सहयोग पुऱ्याउँछ ।

कथामा प्रयुक्त सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक-सांस्कृतिक पक्षले कुनै न कुनै वैचारिक पक्षलाई प्रस्तुत गरेको हुन्छ । कथामा प्रयुक्त स्थान, काल, समय, सहभागी आदिका माध्यमबाट कुनै न कुनै सन्देश प्रवाहित भएको हुन्छ । कथामा कुनै विचार अघि सारिएको हुन्छ । उक्त विचारलाई सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक-सांस्कृतिक आदि विभिन्न कसीमा घोटेर निष्कर्ष निकालिएको हुन्छ । त्यस्तो विचार कथाको सार वाक्यका रूपमा आएको हुन्छ ।

*लछुमनपुरका दुई नारी* कथामा प्रयुक्त सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक-सांस्कृतिक तथा वैचारिक संज्ञानात्मकसन्दर्भहरू निम्न छन् :

साक्ष्य १ कालो पेटको माथिल्लो भागलाई ढाक्न पनि नसकेजस्तो पाँच वर्ष पुरानो र पाँच महिनादेखि नधोइएको चोली अनि पिँडौलासम्मका धोती हुन् कि जस्ता देखिने तर च्यातिएर प्वाल परेकालाई गाँठो पारी लुकाएका अङ्गुरका झुप्पाजस्तो गाँठैगाँठा झुन्डिएका धोती, हिलो सुकेर माटोको पत्रले छोपिएका

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 338–350**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75414**

कालाखुट्टे पिँडौलाको मुन्तिरको गोलीगाँठामा सिलेवरका कडा पैरिएका ती दुई नारीहरूमा चारैतिर ठिङ्ग उभिएको डफ्फामा भूतप्रेतका सन्तानजस्ता ख्याउटे कन्चट र गालामा खाडल देखापर्ने, आँखा केही राता र शिरमा कपालको नाउँमा जिङ्रिङ्ग उभिएका कैला जगल्टाहरू र सुगाठुँडे नाक भएका नारीहरूको भीड र ठिक्क तिनीहरूजस्तै र लिङ्गभेद र नाउँले गर्दा लोग्नेमान्छे भन्नुपर्ने जमात र उस्तै नाङ्गाभुतुङ्गा भ्याकुल्ले पेटका केटाकेटीहरू आफ्ना बाङ्गाटिङ्गा करङ छाम्दै लछुमनपुरमा त्यो साँझ दुई नारीबिच चलिरहेको वाक्युद्धपछिको लुछाचुँडी युद्धमा लागेका ती दुई नारीका त्यस्तो सांस्कृतिक कार्टुन तटस्थ मनोभावले हेरेर रमाइरहे (दीक्षित, २०६०, पृ. ३९) ।

साक्ष्य २ ती दुई मात्र होइन, गाउँका अन्य नारीको भित्री आचारव्यवहार के कस्तो छ भन्ने चर्चा गरेर दर्शकहरूमध्येका केही नारी र पुरुष कुर्मिनी र मुसहरनीलाई झगडाबाट छुट्याउन पनि चाहन्थे, तैपनि तिनीहरूले आफूलाई केही गरी रोके (पृ. ३९) ।

साक्ष्य ३ त्यस इनारछेउको चारैतिर वर्षौंदेखि जमेको कालो-नीलो, दुर्गन्धी हिलोमा आफूजस्ता सबै पुरुषको नाउँ मुछिइसकेको तिनीहरू हेरिरहेका थिए । कोही बोलिहाल्यो भने त्यस हिलोमा आफ्नो नाउँ पनि मुछिएला भन्ने डरले त्यस भीडका पुरुषहरूलाई मौन र त्रस्त पारिरहेको थियो । त्यस्तो दृश्य हेरिरहेका टोलका नारीहरू ती सबै पुरुषका मनभित्रका कुराहरू बुझेर आफ्नो बारे पनि तर्सिरहेका थिए (३९) ।

साक्ष्य ४ छठमा सूर्यलाई अर्घ्य दिएपछि प्रसादको रूपमा बाडिने ठेकुवा, मालपुवा, भुटेको गहुँको गुलियो सत्तुजस्ताका रूपमा ती दुई नारीका मुखबाट शब्द, अपशब्द, अश्लील र नारी र पुरुषका अप्रत्यक्ष तथा ज्ञानेन्द्रियहरूका वस्तुवादी विवरणहरू भीडतिर हेर्दै र भीडका प्रत्येकलाई साक्षीको रूपमा परिणत गर्दै उदारतासाथ नारी र पुरुषका भेदभाव जे होस् तर हरेकका शरीरका अग्ला र होचा भाग, झोलिएका र लुङ्ग्रिएका भाग अर्थात् यावतका शरीरशास्त्रीय समालोचनात्मक विवरणहरू ती दुई मुखबाट प्रत्येक कानले सुने र आफ्नो बारे सत्य जानकारी तिनीहरूमा रहेछ भन्नेमा तिनीहरूको चित्त बुझ्दै गयो (पृ. ४०) ।

साक्ष्य ५ मुसहरनी र कुर्मिनीबिच वाक्युद्ध र हस्तयुद्धको क्रममा कसका मुठीमा रौँका कति गुजुल्टा कसका शिरबाट लुछिए भन्ने कुराको हिसाब नै त्यहाँ रहेन । अनि सुरु भयो उही दुर्गन्धी हिलोको पारस्परिक होली । त्यस होलीको चिप्लो रङमा ती दुवै नारी पहिलेभन्दा साँच्चै नै बढी सुन्दर देखापर्न थाले । दर्शक नरनारीका हृदय गाउँको त्यस्तो सौन्दर्य देखेर मक्ख पर्दै आफ्नो बारे विचार गर्न थाले । केटाकेटीहरूले झगडा कसरी गर्नुपर्छ र झगडा गर्दा के के कुरा कस्ता शब्दमा बोल्नुपर्छ भन्नेबारे त्यहाँ पाठ पढे । तिनको अन्य पढाइनिम्ति त्यस गाउँमा कुनै पाठशाला वा मास्टर थिएनन् पनि । कुर्मिनी र मुसहरनीले दर्शकका मुहारमा प्रसन्नता र बालबालिकाका आँखामा शिक्षाका पाठ देखेपछि तिनका अन्य सबै प्रकारका युद्ध रोकिएर आँसु र रुवाइको डाँकोका अश्रुयुद्ध सुरु भयो (पृ. ४०) ।

साक्ष्य ६ दुवै पुरुष बिस्तारै इनारतिर अघि बढेर आआफ्नो डोलले पानी ताने र आआफ्नो पत्नीतिर गएर 'ल मुख धोऊ पहिले, त्यसरी तीन छाकदेखि भोका तिमीहरूले झगडा गर्न हुन्छ त ! त्यो पनि गाउँकै इज्जत हिलोमा मुछ्ने गरी कराउनुहुन्छ त' भनी कपाल र मुखका हिलो धुन लगाएर आआफ्नै घरतिर जाऊँ भनी हात समातेर तान्न थाले (पृ. ४०) ।

साक्ष्य ७ घर गएर के गर्ने ? त्यो मोरीलाई छाडेर तँसित झगडा गर्ने त ? मेरो भोक जागेर आएपछि बाँकी रहेको मेरो जगल्टा तैल नै लुड्ने होइन र ? ल हुन्छ हिँड, जति सक्यो लुछ, जति सक्यो पिट । जति सक्यो पछार मलाई । तेरो चित्त त बुझ्छ । अनि ती छोराछोरीले रोएको सुन्दै तिनलाई फकाउने काम

Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)
Vol. 6, No.1, January 2025. Page: 338–350
ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)
DOI: 10.3126/ijmss.v6i1.75414

मेरै त होला नि !' भन्दै दुवै नारीले पुरुषका हातबाट आफ्नो डोल लिए र पछि पछि लागे । घरमा तिनले आफ्नो दियो बाले । तिनका केटाकेटीहरू केही खान नपाई निदाउन खोजिरहेका थिए (पृ. ४१) ।

साक्ष्य ८ ल, ल चुलोमा आगो बाल्दै गर, जेठरैयतबाट धान, पीठो जे हुन्छ म कर्जा मागेर ल्याइहाल्छु नि (पृ. ४१)!

साक्ष्य ९ उसकी पत्नीको मुख दुई दिनपछि त्यस दियोको प्रकाशमा अलि उज्यालो देखियो । लोग्नेले अन्न ल्याएपछि केटाकेटीहरूलाई खुवाउँछु भन्दै उसले चुलोमा आगो फुकी र ननुहाई भएन भन्दै डोल लिएर फेरि इनारतिर गई (पृ. ४१) ।

## साक्ष्यको विश्लेषण

साक्ष्य १ मा प्रस्तुत स्थानगत, कालगत, समयगत र सहभागीगत भौतिकसन्दर्भहरूले तथा ती सन्दर्भसँग जोडिएर आएका विभिन्न संज्ञानात्मकसन्दर्भहरूले कथामा सङ्केतित सामाजिक, आर्थिक विभिन्न सन्दर्भको सङ्केत गरेका छन् । सहभागीहरूको वेशभूषा, शारीरिक अवस्था, रूपरङले यिनीहरूको आर्थिकसन्दर्भको सङ्केत गरेको छ । पाँच वर्ष पुरानो र पाँच महिनासम्म नधोइएको चोलीले सहभागीहरूको सामाजिकसन्दर्भलाई सङ्केत गरेको छ ।

साक्ष्य २ मा प्रस्तुत सहभागीगत भौतिकसन्दर्भले लछमनिया गाउँको सामाजिक, धार्मिक-सांस्कृतिकसन्दर्भको सङ्केत गरेका छन् । यिनीहरूको वैचारिक धरातल कमजोर रहेकाले झगडालाई सामसुम पनर्न लाग्नुको साटो परपीडन ग्रन्थिमा रमाएका यिनीहरू अरुलाई लडाएर त्यसैबाट आफूले आनन्द प्राप्त गरेको संज्ञानात्मक सामाजिक, सांस्कृतिकसन्दर्भको सङ्केत गरेको छ ।

साक्ष्य ३ मा प्रस्तुत इनार-स्थानगतसन्दर्भ, वर्षौं-कालगतसन्दर्भ, पुरुष र नारीहरू-सहभागीगत भौतिकसन्दर्भहरूले त्यस गाउँको र त्यहाँका सहभागीहरूको वैचारिकसन्दर्भलाई सङ्केत गरेको छ । यस गाउँका नरनारीहरू चेतनाको अभावले गर्दा यथार्थ बोल्न डराइरहेको देखिन्छ ।

साक्ष्य ४ मा प्रस्तुत स्थानगत, कालगत, समयगत र सहभागीगत भौतिकसन्दर्भहरूले तथा ती सन्दर्भसँग जोडिएर आएका विभिन्न संज्ञानात्मकसन्दर्भहरूले कथामा प्रस्तुत धार्मिक-सांस्कृतिकसन्दर्भको सङ्केत गरेका छन् । छठ पर्व मूल रूपमा तराईंमा मनाउने विशेष पर्व हो । यस पर्व र यस पर्वमा बाँडिने विभिन्न किसिमका मिष्टान्न, पक्वान्न, फलफूल आदिको सङ्केत कथामा गरिएको छ । यसले लछुमनपुरको धार्मिक-सांस्कृतिकसन्दर्भ र त्यहाँका सहभागीहरूको वैचारिकसन्दर्भको सङ्केत गरेको छ ।

साक्ष्य ५ मा लछुमनपुरका नारीहरूको वाक्‌युद्ध, हस्तयुद्ध, लुछालुछयुद्ध, हिलेयुद्ध र अश्रुयुद्धले यिनीहरू वैचारिकसन्दर्भको सङ्केत गर्दछ । युद्धमा आफूमात्र होइन लोग्ने, छोराछोरी र परिवारसमेतलाई पोल्नुले अशिक्षित समाजकोसन्दर्भ सङ्केत गर्दछ । यसले विगतको समयको सङ्केत गरेको छ । केटाकेटी पनि पाठशाला र मास्टर नभएको अशिक्षित समाजमा बाबुआमाका बोली र व्यावहारबाट पाठ सिकिरहेका थिए भन्ने सन्दर्भ कथामा प्रस्तुत गरिएको छ । दुई नारीको झगडाले दर्शकमा प्रसन्नता देखिएको सन्दर्भले सहभागीगत वैचारिकसन्दर्भलाई सङ्केत गरेको छ । यसले त्यस गाउँका मानिसको वैचारिक धरातल कमजोर थियो भन्ने जनाएको छ ।

साक्ष्य ६ मा प्रस्तुत दुई पुरुष सहभागीहरूका माध्यमबाट कथामा व्यक्त सामाजिक र वैचारिकसन्दर्भ प्रस्तुत भएको छ । यी पुरुषले आआफ्नी पत्नीलाई सम्झाउँदै झगडा गर्न नहुने भनिएको छ । झगडाका कारण गाउँको नै इज्जत गएको उनीहरूको भनाइमा लेखकीय सन्देश पनि पाउन सकिन्छ । यी दुई सहभागी

**Interdisciplinary Journal of Management and Social Sciences (IJMSS)**
**Vol. 6, No.1, January 2025. Page: 338–350**
**ISSN: 2738–9758 (Print), ISSN: 2738–9766 (Online)**
**DOI: 10.3126/ijmss.v6i1.75414**

कथाकारको मुख पात्रका रूपमा कथाकारकै विचार कथामा बोलेका छन् । यिनीहरू उपदेशक बनेर कथामा आएका छन् । केही समाज परिवर्तनको सङ्केत कथाकारले दिन खोजेका छन् ।

साक्ष्य ७ मा नारी सहभागीका विचारले लछुमनपुरको सामाजिकसन्दर्भलाई सङ्केत गरेको छ । यहाँका पुरुषहरूले नारीलाई अनाहकमा दुःख दिने, कुट्ने गर्ने तथा छोराछोरीको जिम्मा सबै नारीले लिनुपर्ने अवस्था रहेको सङ्केत गरेको छ ।

साक्ष्य ८ मा प्रस्तुत विषयले आर्थिकसन्दर्भलाई सङ्केत गरेको छ । लछुममनपुर गाउँका यी सहभागीको चुलो बाल्न तिनै जेठारैयतको मुख ताक्नुपर्ने अवस्था छ । साहुबाट कर्जा लिएर खानुपर्ने यिनीहरूको निम्नवर्गीय जीवनको सन्दर्भ कथामा आएको छ ।

साक्ष्य ९ मा दुई दिनपछि खान पाइने भयो भनी खुसी भएको सन्दर्भ कथामा आएको छ । गरिबी र अभावको पीडामा छटपटाएको एउटा निम्नवर्गीय जीवनको भोगाइलाई यसले सङ्केत गरेको छ । यसले सामाजिक, आर्थिकसन्दर्भको सङ्केत गरेको छ ।

यसरी प्रस्तुत कथामा प्रस्तुत जनाउने पाँच वर्ष पुरानो, पाँच महिनासम्म नधोइएको चोली; छठ पर्व; पुरुषहरूले नारीलाई अनाहकमा दुःख दिने गरेको; नारीहरूको वाक्युद्ध, हस्तयुद्ध, लुछालुछयुद्ध, हिलेयुद्ध र अश्रुयुद्ध गर्ने गरेका; छोराछोरीको जिम्मा सबै नारीले लिनुपर्ने अवस्था; सहभागीको चुलो बाल्न तिनै जेठारैयतको मुख ताक्नुपर्ने अवस्था; गरिबी र अभावको पीडामा छटपटाएको एउटा निम्नवर्गीय जीवनको भोगाइ जस्ता पद तथा पदावलीको प्रयोगले सज्ञानात्मकसन्दर्भलाई सङ्केत गरेका छन् ।

## निष्कर्ष

मदनमणि दीक्षितको *श्वेतकाली* कथासङ्ग्रहमा सङ्गृहीत *लछुमनपुरका दुई नारी* कथामा भौतिक र सङ्ज्ञानात्मकसन्दर्भहरू प्रयोग गरिएका छन् । त्यसैले यो कथा सङ्कथन विश्लेषणका आधारमा अध्ययन गर्ने उपयुक्त कृति हो । तराईको बारा जिल्लामा अवस्थित लछुमनपुर गाउँ नै प्रस्तुत कथाको स्थानगतसन्दर्भ हो । यस स्थानले नेपालका पहाड र पर्वतका प्रायः सबै स्थानको प्रतिनिधित्व गरेको छ । त्यस गाउँमा रहेको इनार, रघुवीरको छाप्रो, ओसरामा रहेको खटिया, मुसहरनी र कुर्मीनीको चिसो छाप्रोको सन्दर्भ पनि कथामा आएका छन् । पाठशाला, माइतघर र लोग्नेघर विषयको प्रस्तुतिको क्रममा स्मरणमा आएका स्थानगतसन्दर्भ हुन् ।

चैत महिनाको बिहान, दिउँसो, साँझ, दियो बाल्ने बेला, रात गरी एक दिनका सबै समयले कथामा समयगतसन्दर्भको सङ्केत गरेका छन् । चैत महिनाको गर्मीको समयलाई चैते आगलागी धूपको समय भनिएको छ । स्मरणका क्रममा भदौरे वर्षा पनि कथामा सङ्केत गरिएको छ । प्रस्तुत कथा साँझको समयको दुई घण्टाको समयमा घटेको घटना हो । त्यसभन्दा अगि र पछिको समय विषय वर्णनको क्रममा र स्मरणमा आएका छन् । दुई दिनपछि, पाँच महिनादेखि नधोइएको, पाँच वर्ष पुरानो, वर्षौंदेखि जमेको जस्ता पदावलीले कथाको समयगत र कालगतसन्दर्भको सङ्केत गरेका छन् ।

मुसहरनी, कुर्मीनी, रघुवीर र धनराजले सहभागीगतसन्दर्भको सङ्केत गरेका छन् । बुढाबुढी, तरुणतरुणी, केटाकेटी, पच्चिस-तिस जनाको डफ्फा आदिले नाम र निश्चित सङ्ख्या उल्लेख नभएका सहभागीको सङ्केत गरेका छन् । वीरगन्जका बडाहाकिमसाहेब, मछुवा लोग्ने, छोरी, लोग्ने, लेखक, मास्टर कथावस्तुको प्रस्तुतिका क्रममा आएका सहभागीहरू हुन् । बाखीको पाठो, गोरु र भैँसीले मानवेतर सहभागीको सङ्केत गरेका छन् ।

कथामा प्रस्तुत स्थानगत, कालगत, समयगत र सहभागीगतसन्दर्भले सङ्ज्ञानात्मकसन्दर्भको पनि सङ्केत गरेका छन् । यसअन्तर्गत सामाजिक, आर्थिक, धार्मिक-सांस्कृतिक र वैचारिकसन्दर्भको सङ्केत गरेका छन् ।

राजनीतिकसन्दर्भ भने कथामा भेटिँदैन । लछुमनपुर गाउँका सहभागीहरू अशिक्षित भएकाले सानातिना निहुँमा पनि झगडा पर्ने, गाउँलेहरू झगडा गर्न हुँदैन भन्ने चेतना नभएका, बरु अरु झगडा गरेको हेरेर आनन्द लिने प्रवृत्ति पाइन्छ । आर्थिक अभावमा पिल्सिएका यिनीहरूको चुलो साहुको घरमा नपुगी, उनीहरूसँग नमागी बल्ने कुनै उपाय देखिँदैन । विशेषगरी तराईमा मनाइने छठ पर्वको सन्दर्भ पनि कथामा आएको छ । कथकथन समय छठको बेलाको नभए पनि कथाप्रसङ्गमा छठ पर्व आएको छ । यसले कथामा प्रयुक्त धार्मिक-सांस्कृतिकसन्दर्भको सङ्केत गरेका छ । सहभागीहरूको शैक्षिक अवस्था कमजोर भएका कारण के गर्दा उपयुक्त हुन्छ र के गर्दा उपयुक्त हुँदैन भन्ने चेतनाको अभाव पाइन्छ । त्यसैले यिनीहरूको वैचारिक धरातल कमजोर रहेको बुझिन्छ ।

## सन्दर्भ सामग्रीसूची

कटिङ, जोन. (सन् २००८). *प्राग्माटिक्स यान्ड डिस्कोर्स.* लन्डन : रटलेज ।

गी, जेम्स पाउल. (सन् २००५). *यान इन्ट्रडक्सन टु क्रिटिकल डिस्कोर्स अन्यालिसिस : थियरी यान्ड प्राक्टिस.* लन्डन : रटलेज ।

गौतम, देवीप्रसाद. (२०६८). सङ्कथन विश्लेषण. *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड* (सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम). काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ. ५७१-५९१) ।

घिमिरे, वासुदेव. (२०६९). सङ्कथन विश्लेषण. काठमाडौँ : इन्टेलेक्चुअल बुक प्यालेस ।

जुज-अल्बा, लाउरा. (सन् २००५). *डिस्कोर्स अन्यालिसिस फर युनिभर्सिटी स्टुडन्ट्स.* पाइस स्पाना : आनो दे पब्लिकेसन्स ।

दीक्षित, मदनमणि. (२०६०). लछुमनपुरका दुई नारी. *श्वेतकाली.* ललितपुर : साझा प्रकाशन. पृ. ३८-४१) ।

पौडेल, माधवप्रसाद र पोखेल, गोकुल. (२०७१). सङ्कथन विश्लेषण : सिद्धान्त र प्रयोग. काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

माक्कार्थी, मिसेल. (सन् २०१०). *डिस्कोर्स अन्यालिसिस फर ल्याङ्गुएज टिचर्ज.* न्यु देल्ही : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

श्रेष्ठ, दयाराम. (२०७०). *नेपाली कथा र कथाकार.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

ह्यालिडे, म्याक र हसन, आर. (सन् १९७६). *कोहेन्सन इन इङ्लिस,* लन्डन : लङ्म्यान ।

●